# पछिल्लो तीन बर्ष देखि अस्पतालका सेवा प्रवाहमा सुधारका लागि गरिएका कार्यहरु

१. सबै युनिटहरुले सबै बिरामी अर्थात् नयाँ पुराना बिरामी हेर्ने व्यवस्था गरिएको छ ।

२. फार्मेसीमा औषधिको पर्याप्तता तथा प्राप्तीमा सहजता होस भनेर आन्तरिक श्रोत तर्फबाट चार जना जनशक्ति थप गरी साविकमा संचालन भइ रहेको फार्मेसी भन्दा एक तल्ला माथि समेत फार्मेसी काउन्टर शुरु गरिएको छ

३. धेरै लामो समय देखि हुन नसकेको पुरानो जिन्सी लिलामी गरिएको छ जसले गर्दा कवाडीले भरीएको अस्पतालको मुहार उज्यालो हुदै गएको नेपाल सरकारलाइ ५४ लाख आम्दानी थपिएको तथा अनावश्यक सामानले भरिएको स्थान समेत उपयोग गर्न सकिने भएको छ ।

४. शैया विस्तार गर्ने ठाउको अभावमा विशेषत PICU र NICU बेड नपाएर सेवाग्राहीहरु अन्यन्त्रै जानुपर्ने अवस्था भएकोले PICU१२ शैया बाट विस्तार गरी १५ शैया र NICU १५ शैयाबाट विस्तार गरी १८ शैया बनाइएको छ ।

५. आ.व. २०८१/०८२ मा एक थान एनेस्थेसीया मेसीन खरिद गरिएको र एक थान एनेस्थेसीया मेसीन स्वास्थ्य सेवा विभाग बाट प्राप्त भई सेवा संचालन गरिएको छ।

६. Observation ward मा थप २२ शैया विस्तार गरिएको छ ।

७. अनलाइन टिकट काटने प्रवन्ध तथा लाइन व्यवस्थापनका लागि टोकन जडान गरिएको छ ।

८. साईकियाट्रिक वार्डमा Pallative Care सेवा संचालनमा ल्याईएको छ ।

९. नेभिगेसन : अस्पतालका विभिन्न सेवाहरु संचालन स्थलहरु पहिचान गर्न सहज होस् भन्ने उद्देश्यले विभिन्न स्थानहरुमा नेभिगेसन वोर्डहरु राखिएको छ।

१०. अस्पताललाई १००० शैयाको विशिष्टिकृत अस्पतालको रुपमा विकास गर्ने योजना अनुरुप वृहत गुरुयोजना अनुरुपको Drawing Design स्वीकृत भएको तर उक्त परियोजना बहुबर्षिय परियोजनामा नरहेको कारण परियोजनामा थप प्रगती हुन नसकिरहेको अवस्था रहेकोमा उक्त परियोजना अगाडी बढाउन सो संग सम्बन्धित नियकायहरु संग आवश्यक समन्वय गर्नेकार्य भईरहेको छ ।सोको वातावरणीय प्रभाव मुल्याङ्कनको कार्य भईरहेको छ ।

११. काठमाण्डौ महानगरपालिका संगको सहकार्यमा साईकियाट्रिक भवनमा २ तल्ला थप गर्ने कार्यको टेण्डर अवार्ड भई निर्माण कार्य जारी रहेको छ ।

१२. अस्पतालमा 1.5 T को MRI सेवा तथा 128 Slice को CT Scan सेवा संचालनमा ल्याईएको छ ।

१३.नेपाल टेलीकम सँगको साझेदारीमा कुरुवाहरुका लागि वेड कम चेयर थप गरिएको छ र अस्पतालका विभिन्न शुल्कहरुको भुक्तानीलाई सरलकृत बनाउनका लागि नेपाल टेलिकमको CSR मा अस्पताल भित्रै टावर स्थापना गरी QR Payment लाई सरल बनाइएको तथा मोबाईल नेटवर्क सुधारको कार्य गरिएको छ ।

१४.अस्पतालमा हेमो-डायलाईसिस सेवा सुरु गरिएको छ ।

१५. काठमाण्डौ महानगरपालिको अनुदानमा मोडुलर ओ.टी. निर्माणको लागि टेण्डर प्रकृया अगाडी बढेको छ ।

१६.अस्पतालले भोगचलन गरीरहेको जग्गाको बिगत ६३ बर्ष देखि अस्पताल संग लालपूर्जा नभएको अवस्थामा अधिकांश जग्गाको लालपूर्जा प्राप्ती भएको र बाँकी जग्गाको लालपूर्जा प्राप्तीको प्रकृया चलिरहेको छ ।

१७. कान्ति बाल अस्पतालमा संचालित नर्सिङ क्याम्पसमा सिमुलेसन ल्याव स्थापना गरिएको छ ।

१८.बाल बालिका तथा किशोर-किशोरी बाल मानसिक ईकाईमा १६ शैयाको अन्तरंग सेवा संचालन गरिएको छ ।

१९.अब्जरभेसन वार्डमा भर्ना भएका बिरामी बालबालिका, अविभावक तथा कार्यरत कर्मचारीहरुका लागि सौचालय निर्माण गरिएको छ ।

२०. अस्पतालको Networking प्रणाली Update गरी अस्पतालको रेडियोलोजी विभागका रिपोर्टिङ फिल्मलेस गर्ने उद्देश्य स्वरुप PACS System Installation को कार्य सम्पन्न गरी संचालनमा ल्याईएको ।

२१. अस्पतालमा पानीको आपूर्तिलाई थप सहज बनाउन Deep Boring स्थापनाको लागि पहल गरिएकोमा यस आ.व. मा आवश्यक बजेट व्यवस्था भएको ।

२२. अस्पतालमा थप १ थान DDR X-Ray मेसिन खरिदको लागि यस आ.व. मा बजेट सुनिश्चितता भएको ।

२३. लायन्स क्लव संगको सहकार्यमा अस्पतालको सर्जिकल वार्ड माथी थप ५० शैया सञ्चालन गर्न सकिने गरीको तल्ला विस्तारको लागि प्रतिवद्धता प्राप्त भएको ।

२४. डेण्टल विभागमा एकवटा डेण्टल चेयर थप गरी सेवा विस्तार गर्ने कार्य सम्पन्न भएको

२५.काठमाण्डौ महानगरपालिकाको सहयोगमा अस्पतालको अघिल्लो भागको प्रङ्गणमा हाईमास पोलमा बत्ति जडान गरी रात्रीकालिन समयमा उज्यालोको प्रवन्ध गरिएको ।

२६.सर्जिकल विभागमा Smart Board सहितको Doctor Lounge स्थापना गरिएको ।

२७.थप एउटा Minor OT स्थापना भएको ।

२८.अस्पतालमा भएको खानीपानीको अभावलाई सम्बोधन गर्न काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको पानी वितरण प्रणालीबाट पानी जडान गरिएको र उक्त पानीले केहीहदसम्म अस्पतालको खानेपानी उपलब्धतालाई सहज बनाएको ।

२९. सरसफाइ कार्यक्रम (Waste management) लाइ प्रभावकारी रुपमा संचालन गरिएको छ । पुन: प्रयोग हुने सामान छानेर विकी गर्ने गरिएको छ जसले गर्दा थोरै भएपनि अस्पतालको आन्तरिक श्रोत वृद्धिमा सहयोग पुगेको छ ।

३०. अस्पत्रालको प्रयोगशालाबाट गरिने परिक्षणमा परिक्षणको रिएजेण्ट्सको चुहावट भई लागत बढ्नसक्ने अवस्थालाई कम गरी आर्थिक मितव्ययीता कायम गर्न

३१. प्रति टेष्टको आधारमा भुक्तानी गरिने (Cost Per Reportable Result) CPRR प्रणाली अवलम्वन गरिएको छ ।

३२. बिशाल ग्रुपबाट च्यारिटीमा विरामीहरुको लागि आवश्यक चार थान वारमर उपलब्ध गराईएको ।

३३. राष्ट्रिय बाणिज्य बैङ्कबाट अस्पताललाई आवश्यक Anesthesia Machine खरिद गर्न अपुग हुन गएको रु. ७०००००/- (रु. सात लाख मात्र) उपलब्ध भएको ।

३४. अस्पतालमा उपचारका लागि आएका बालबालिकाहरुको उपचार खर्चमा सहुलियत उपलब्ध गराउने कार्यमा खर्च हुनेगरी ग्लोबल आई.एम.ई.बैङ्कबाट रु. २७०००००/- (रु. सत्ताईस लाख मात्र) उपलब्ध भएको ।

३५. अस्पतालका कर्मचारीहरुको उपस्थितिलाई व्यवस्थित गर्न दुई थान नेपाल सरकारको ई-हाजिरी प्रणाली जडान गरिएको ।

३६. लायन्स क्लबबाट विरामीहरुको लागि आवश्यक ह्वील चेयर उपलब्ध भएको ।

३७. मुक्तिनाथ विकास बैङ्कबाट विरामी कुरुवाहरुको लागि आवश्यक कुर्चीको प्रवन्ध मिलाईएको ।

३८. अस्पतालमा उपचारका लागि आउने बालबालिकाका आमाहरुको लागि दुईबटा स्तनपान कक्ष निर्माण गरिएको ।

३९. अस्पतालमा कार्यरत कर्मचारीहरुलाई उत्प्रेणाको लागि प्रोत्साहन भत्तालाई बृद्दि गरी मासिक रु. ५०००/- (रु. पाँच हजार मात्र) उपलब्ध गराउने तथा रात्रीकालिन ड्यूटी गर्ने कर्मचारीहरुको रात्रिकालिन भत्तामा सत्प्रतिशत बृद्दि गरिएको ।

४०. अवकाश वा राजीनामा दिई सेवाबाट अलग भई जाने कर्मचारीहरुलाई उपलब्ध गराउनुपर्ने उपदान रकम सेवाबाट अलग भएको बढीमा पन्ध्र दिन भित्र उपलब्ध हुनेगरी प्रवन्ध मिलाईएको ।